"Partnership for Urban Governance"
DAO Regd. No. 2/054/55 NDA-2018

# नेपाल नगरपालिका संघ
# Municipal Association of Nepal (MuAN)

530 Pandol Marg, Lazimpat
**PO Box :** 14286, Kathmandu, Nepal
**Tel** : (977-1) 4425692, 4420559
**Fax** : (977-1) 4418671
**Email** : muan@ntc.net.np, info@muannepal.org.np

Ref. ०७९/८०- २२६

मितिः २०७९/१०/१५

श्रीमान प्रमुखज्यू
बुटवल उपमहानगरपालिका, देवदह, लुम्बिनी साँस्कृतिक, सैनामैना, सिद्धार्थनगर, तिलोत्तमा, कपिलवस्तु, बाणगंगा, सन्धिखर्क, शितगंगा, भूमिकास्थान, मुसिकोट, रेसुङ्गा, रामपुर, तानसेन, बर्दघाट, रामग्राम, सुनवल नगरपालिका, लुम्बिनी प्रदेश ।

**बिषयः नगरपालिकामा नवीकरणीय उर्जा सम्बन्धी कार्यशालामा उपस्थिती बारे ।**

नेपालको संबिधान २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहले बैकल्पिक उर्जा क्षेत्रमा नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न सक्ने अधिकारको सुनिश्चितता गरेसँगै नेपाल नगरपालिका संघले सदस्य नगरपालिकाहरुलाई दिने सेवाको क्षेत्रमा संघको रणनैतिक कार्य योजना अनुरुप वैकल्पिक उर्जाको क्षेत्रमा एक डेस्क स्थापना गरी श्रोत केन्द्रकै रुपमा विकास गर्ने उद्देश्यले फोकल पर्सन समेतको ब्यवस्था भई कार्य गर्दै आईरहेको ब्यहोरा जानकारी गराउन चाहन्छु । संघको डेस्क मार्फत नगरपालिकामा रहेका प्रादेशिक नगर अध्ययन केन्द्रहरु, उर्जाको क्षेत्रमा काम गर्ने सरकारी, गैरसरकारी संघ संस्थाहरु लगायत यससँग सम्बन्धित नीजी कम्पनी, विभिन्न सरोकार निकायहरुहरु बीच आपसी समन्वय र सहकार्य गरि गतिविधिहरु सञ्चालन हुँदै आएका छन् ।

यसै अन्तर्गत नेपाल नगरपालिका संघ, बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र नेपाल नवीकरणीय उर्जा कार्यक्रम संगको सहकार्यमा ***"नगरपालिकामा नवीकरणीय उर्जा"*** सम्बन्धी एक दिवसीय कार्यशाला गोष्ठीको आयोजना गर्न लागिएको हुँदा तहाँबाट नगर प्रमुख/उप-प्रमुखज्यू तथा प्रमुख प्रशासकीय अधिकृतज्यू गरी जम्मा ३ जनाको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**कार्यक्रम**

मितिः २०७९ माघ २२ गते
स्थानः ड्रिमल्याण्ड होटल, बुटवल
समयः विहानः ०८:३० बजे देखि

......................
कलानिधि देवकोटा
कार्यकारी निर्देशक

सम्पर्कः प्रमोद न्याछ्यों – ९८४३१११३९
मधुसुदन रिजाल -९८४१७००६८६

***नोटः गुल्मी, अर्घाखाँची, पाल्पाका सहभागिज्यूहरुलाई आवासको व्यवस्था गरिएको छ ।***